जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ | अंक : २२५ | २०८२ साल फागुन २७ गते, बुधबार | Wednesday, Mar.– 11 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## कलैया-१ मोतिबागमा लामखुट्टे आतंक, नगरबासी त्रसित

***संवाहक सम्वादाता**-२६फागुन, कलैया*

गर्मी सुरु भएसँगै कलैया उपमहानगर पालिका-१ मोतिबाग क्षेत्रमा लामखुट्टेको संख्या असाध्यै बढ्दै गएको छ। बजार क्षेत्रका सार्वजनिक स्थल र घरभित्र समेत लामखुट्टे टोकाइले बस्न अप्ठ्यारो भएको स्थानीयवासीले बताएका छन्।

मोतिबागका वासिन्दा आयुष मेहताले भने, "एक छिन्न घर बाहिर निस्कन र सार्वजनिक ठाउँमा उभिनै कठिन छ। लामखुट्टेको टोकाइले वह्रो सास्ती छ।






स्थानीय स्वास्थ्य अधिकारीहरूले खुला नाला, फोहोर र नियमित सरसफाइको अभावलाई लामखुट्टे बढ्ने प्रमुख कारण भनेका छन्। नगरपालिकाले लामखुट्टे नियन्त्रणका लागि छर्ने औषधी (इन्सेक्टिसाइड / विषादी) पर्याप्त र प्रभावकारी रूपमा प्रयोग नगर्दा समस्या झन् बढेको स्थानीयवासीको गुनासो छ। "कहिलेकाहीँ छरेको विषादी कम असरदार र मट्टितेल मिसाईएको हुँदा लामखुट्टे मर्नेको सट्टा झन् बढेको महसुस हुन्छ," उनीहरूले बताए।

स्वास्थ्य विशेषज्ञहरूले लामखुट्टे टोकाइबाट डेंगु, चिकनगुनिया, मलेरिया जस्ता रोग फैलन सक्ने चेतावनी दिएका छन्। स्वास्थ्यकर्मीहरूले भने, "लामखुट्टे नियन्त्रणमा ढिलाइ भए रोगको जोखिम बढ्छ। खुला नालालाई ढाक्ने, घर वरिपरि फोहोर हटाउने, प्रमाणित इन्सेक्टिसाइड छर्ने र समुदायमा जनचेतना अभिवृद्धि गर्न अत्यावश्यक छ।"

स्थानीयवासीले नगरपालिकामा नियमित सरसफाइ नहुने, बजेटको दुरुपयोग हुने, र औषधी प्रभावकारी नछर्ने आरोप लगाएका छन्। अहिलेसम्म नगरपालिकाले लामखुट्टे नियन्त्रणका लागि ठोस कदम

बाँकी तेस्रो पृष्ठमा

## समानुपातिक मत गणना: पूर्व प्रधानमन्त्री र पूर्व मन्त्रीहरूको दलले थ्रेसहोल्ड कट्न नसक्ने निश्चित

***२६ फागुन , काठमाडौं ।***

प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक मत गणना अन्तिम चरणमा पुगेको छ, तर मतगणना अझ सकिनु अघि नै पूर्व प्रधानमन्त्री, पूर्व उपप्रधानमन्त्री र पूर्व मन्त्रीहरूले समर्थन गरेका दलहरूले आवश्यक तीन प्रतिशतको थ्रेसहोल्ड पूरा गर्न नसक्ने निश्चित भएको छ। २०७९ को निर्वाचनमा समानुपातिकबाट सिट जितेका जसपा नेपाल र जनमत पार्टी यसपटक थ्रेसहोल्ड नपार्ने अवस्थामा छन्। अहिलेसम्म गणना अनुसार जसपा नेपालले एक लाख ७४ हजार १३५ मत पाएको छ, जुन कुल मतको दुई प्रतिशतभन्दा कम हो, जबकि डा. सीके राउत नेतृत्वको जनमत पार्टीले ७८ हजार ७२६ मत पाएको छ। गत निर्वाचनमा उपेन्द्र यादव अध्यक्ष रहेको जसपा नेपालले लगभग चार प्रतिशत मत ल्याएर ५ सांसद निर्वाचित गरेको थियो। यसपटक यसले महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी



पार्टी, हृदयेश त्रिपाठीको जनता प्रगतिशील पार्टी र वृषेशचन्द्र लालको तराई मधेश लोकतान्त्रिक पार्टीसँग एकीकरण गरेको थियो। समानुपातिक निर्वाचन प्रणाली अनुसार, कुल सदर मतको तीन प्रतिशत वा सोभन्दा बढी मत पाउने दलबाट मात्र उम्मेदवार निर्वाचित हुन सक्ने व्यवस्था छ। यसैगरी, राष्ट्रिय परिवर्तन पार्टी, उज्यालो नेपाल पार्टी, जसपा अशोक राई समूह, राष्ट्रिय मुक्ति पार्टी र नागरिक उन्मुक्ति पार्टीले पनि आवश्यक थ्रेसहोल्ड कटाउन सकेनन्। अन्य दलहरूको मत स्थिति यस प्रकार छः नेपाल मजदुर किसान पार्टी ४२,१६७, राष्ट्र निर्माण दल ३८,८१७, राष्ट्रिय जनमोर्चा (पूर्व प्रधानमन्त्री चित्रबहादुर केसी) २९,३९०, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी र नेपाल जनजागृति पार्टी २८,२३९, प्रगतिशील लोकतान्त्रिक पार्टी ( बाबुराम भट्टराई) २४,४९०, नेकपा (माओवादी, विप्लव समूह) २३,७५८, नेकपा (माले, सीपी मैनाली) ६,५९ र नेकपा (संयुक्त, चन्द्रदेव जोशी) ४,४७८। उल्लेखित सबै दलले प्रत्यक्ष निर्वाचनतर्फ पनि सिट जित्न सकेका छैनन्।

## रौतहटमा दलित परिवारमाथि कुटपिट: पीडितले न्याय नपाएको गुनासो

***संवाहक सम्वादाता**-२६फागुन, कलैया*

रौतहटका फतुवा बिजयपुर नगरपालिका - ५ सन्तपुर स्थित दलित (चमार) टोलमा दुई महिलासहित ६ जनामाथि सामूहिक आक्रमण भएको घटना सार्वजनिक भएको छ। पीडित परिवारले घटनामा संलग्नमाथि कारबाही नभएको मात्र होइन, उल्टै प्रहरीबाट दुर्व्यवहार भएको आरोप लगाएका छन्। पीडित बिर्जा राम चमारले पत्रकार सम्मेलन गर्दै सामान्य विवादपछि स्थानीय केही व्यक्तिहरूको समूह लाठी-भाटा लिएर घरमै प्रवेश गरी कुटपिट गरेको आरोप लगाए। उनका अनुसार भुनेश्वर यादव, पसिन्द्र यादव, नितेश यादव, जगु यादव ( नगेन्द्र यादव), सुखारी यादव,



गिरधारी यादव, नवीन कुमार यादव र जयप्रकाश यादवलगायतको समूहले फागुन १९ गते साँझ करिब ६ बजे घरभित्रै पसेर श्रीमती र छोरीसहित परिवारका सदस्यहरूलाई कुटपिट गरेको हो। कुटपिटबाट ५५ वर्षीय बिर्जा राम चमारको ढाड र घाँटीमा चोट लागेको छ भने उनकी श्रीमती गायत्री देवी रामको शरीरभरि निलडाम देखिएको छ। छोरा राजकुमार रामको टाउकोमा तीन टाँका लागेको छ भने सुब्बा रामकी १६ वर्षीया छोरीको टाउको फुटेर सात टाँका लगाइएको पीडित पक्षले जनाएको छ। ललन राम चमार र

बाँकी तेस्रो पृष्ठमा

## सर्वोच्चमा नयाँ प्रधानन्यायाधीशका लागि ६ न्यायाधीशको नाम सिफारिस

***संवाहक सम्वादाता**-२६फागुन, कलैया*

न्याय परिषद्ले भावी प्रधानन्यायाधीशका लागि ६ जना वरिष्ठ न्यायाधीशको नाम संवैधानिक परिषद्मा पठाएको छ। प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत चैत १८ गते ६५ वर्षे उमेर हदका कारण अवकाशमा जाने भएपछि नयाँ नियुक्तिका लागि सिफारिस गरिएको हो।



सिफारिस भएका न्यायाधीशमा वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठ रहेका छन्।

संविधानको धारा १२९ अनुसार सर्वोच्च अदालतको न्यायाधीशमा कम्तीमा तीन वर्ष सेवा पुऱ्याएका व्यक्ति प्रधानन्यायाधीशको पदमा नियुक्त हुन योग्य हुन्छन्। यसै आधारमा न्याय परिषद्ले नाम पठाएको हो।

अब संवैधानिक परिषद्ले बैठक बसेर सिफारिस गरेका नाम प्रधानमन्त्रीको सिफारिसमार्फत संसदमा पठाउनेछ। संसदको सुनुवाइपछि मात्र राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने कानुनी प्रक्रिया पूरा हुनेछ। तर संविधानको धारा २८४ अनुसार एक महिनाभित्र नियुक्तिका लागि सिफारिस गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुन सकेको छैन। ढिलाइ भए न्यायालय फेरि हस्तक्षेपको अवस्थामा पर्न सक्ने देखिन्छ।

## रास्वपाले रच्यो नयाँ इतिहास: प्रत्यक्ष र समानुपातिक दुवै तर्फ अभूतपूर्व विजय

***संवाहक सम्वादाता**-२६फागुन, कलैया*

नेपाल प्रतिनिधिसभा निर्वाचनमा नयाँ राजनीतिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अभूतपूर्व सफलता हासिल गर्दै सबैभन्दा ठुलो दलको रूपमा उभिएको छ। फागुन २१ गते सम्पन्न निर्वाचनको मतगणना लगभग समाप्त हुने क्रममा रास्वपाले प्रत्यक्ष र समानुपातिक दुवैतर्फ उल्लेखनीय अग्रता कायम राखेको छ।




निर्वाचन आयोगका अनुसार, कुल १६५ निर्वाचन क्षेत्र मध्ये सबैको मतगणना सकिएको अवस्थामा रास्वपाले प्रत्यक्षतर्फ १२५ सिट जितेर पुराना दलहरूलाई पछाडि पारेको छ। ठुला दलमध्ये नेपाली कांग्रेसले १८ सिट, नेकपा (एमाले) ले ९ सिट, र नेकपाले ८ सिट मात्र हात पारेका छन्। नयाँ गठित श्रम संस्कृति पार्टीले ३ सिट, राप्रपा १ सिट, र स्वतन्त्र उम्मेदवार महावीर पुनले पनि विजय हासिल गरेका छन्।

रास्वपाका वरिष्ठ नेता तथा पूर्व काठमाडौं महानगरपालिका मेयर

बाँकी तेस्रो पृष्ठमा

## मत बदरको संख्या बारामा झण्डै २० हजार पुग्यो

***संवाहक सम्वादाता**-२६फागुन, कलैया*

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बारा जिल्लामा झण्डै २० हजार मत बदर भएको तथ्य सार्वजनिक भएको छ। जिल्ला निर्वाचन कार्यालय बाराका अनुसार जिल्लाभर कुल १९ हजार ७९५ मत बदर भएका छन्।

जिल्ला निर्वाचन अधिकारी नवीन चौधरीका अनुसार चारवटै निर्वाचन क्षेत्रमा उल्लेख्य सङ्ख्यामा मत बदर भएको पाइएको हो। निर्वाचनमा मतदाताको सहभागिता उत्साहजनक देखिए पनि ठूलो सङ्ख्यामा मत अमान्य भएको तथ्यांकले देखाएको उनले बताए।



निर्वाचन क्षेत्र नम्बर १ मा ५ हजार २९६ मत बदर भएको छ। उक्त क्षेत्रमा १ लाख २३ हजार ९८५ मतदाता रहेकामा ८० हजार ५८१ मत खसेको थियो। खसेको मतमध्ये ७५ हजार २८५ मत सदर भएको निर्वाचन कार्यालयले जनाएको छ।

त्यसैगरी निर्वाचन क्षेत्र नम्बर २ मा ३ हजार ७६३ मत बदर भएको छ। यहाँ १ लाख १३ हजार ८३९ मतदाता रहेकामा ७६ हजार ५२४ मत खसेको थियो। खसेको मतमध्ये ७२ हजार ७६१ मत सदर भएको जनाइएको छ।

निर्वाचन क्षेत्र नम्बर ३ मा ४ हजार ६९५ मत बदर भएको तथ्यांक छ।

बाँकी तेस्रो पृष्ठमा

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## न्यायको खोजीमा कार्की आयोगको प्रतिवेदन

जेनजी आन्दोलनका घटनाबारे छानबिन गर्न गठित कार्की आयोगले सरकारलाई बुझाएको प्रतिवेदनले नेपाली राजनीतिमा गम्भीर बहसको ढोका खोलेको छ। करिब पाँच महिनाको अनुसन्धानपछि सार्वजनिक भएको प्रतिवेदनमा तत्कालीन उच्च राजनीतिक र प्रशासनिक नेतृत्वलाई नै जिम्मेवार ठहर गर्दै कारबाहीको सिफारिस गरिएको छ। यसले राज्य संयन्त्रको निर्णय र जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ।

आयोगले भदौ २३ र २४ का घटनामा सुरक्षाकर्मीको गोली प्रहारबाट भएको जनधनको क्षतिलाई राज्य नेतृत्वको निर्णयसँग जोडेको छ। लोकतान्त्रिक व्यवस्थामा नागरिकको जीवन र अधिकारको सुरक्षा राज्यको पहिलो दायित्व हो। यदि राज्यकै निर्णय वा लापरवाहीका कारण नागरिकको ज्यान जान्छ भने त्यसको निष्पक्ष छानबिन र दोषीलाई कानुनी दायरामा ल्याउनु लोकतन्त्रको आधारभूत सिद्धान्त हो। प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्रीदेखि सुरक्षा संयन्त्रका उच्च पदाधिकारीसम्मको नाम सिफारिस हुनु सामान्य विषय होइन। यसले नेपालमा उच्च पदमा बसेका व्यक्तिहरू पनि कानुनभन्दा माथि छैनन् भन्ने सन्देश दिन सक्छ। तर इतिहासले देखाएको छ–नेपालमा आयोगहरूका प्रतिवेदन धेरैपटक राजनीतिक दबाब वा स्वार्थका कारण कार्यान्वयनमा कमजोर हुने गरेका छन्। त्यसैले प्रतिवेदन बुझाइनु मात्रै पर्याप्त होइन, यसको निष्पक्ष र पारदर्शी कार्यान्वयन नै मुख्य कुरा हो। जेनजी आन्दोलनका क्रममा भएको मानवीय क्षति केवल तथ्यांकको विषय होइन, ती प्रत्येक मृत्यु एक परिवारको पीडा र समाजको घाउ हुन्। पीडित परिवारले न्याय पाउनु राज्यको नैतिक र कानुनी दायित्व हो। यदि दोषीलाई संरक्षण गर्ने र प्रतिवेदनलाई दराजमा थन्क्याउने परम्परा दोहोरियो भने न्यायप्रतिको विश्वास अझ कमजोर हुनेछ।

यसैले अहिलेको सबैभन्दा ठूलो प्रश्न सरकारको इच्छाशक्ति हो। सरकारले प्रतिवेदनलाई कानुनी प्रक्रिया अनुसार अघि बढाएर दोषीलाई जवाफदेही बनाउन सकेमा मात्र न्याय, लोकतन्त्र र विधिको शासनप्रति नागरिकको विश्वास बलियो हुनेछ। अन्यथा यो प्रतिवेदन पनि विगतका धेरै आयोगजस्तै इतिहासको कागजमा सीमित हुने जोखिम रहन्छ।

# निर्वाचनपछि संवैधानिक मार्ग




संसद् लोकतन्त्रको सर्वोच्च निकाय हो, जसको मुख्य कार्य नागरिकको प्रतिनिधित्व गर्नु, उनीहरूको चासोमा सरोकार राख्नु, सरकारका कार्यसम्पादनको अनुगमन गर्नु तथा कानुन निर्माण र बजेट पारित गर्नु हो । राजनीतिक संस्थाहरूमा सार्वजनिक विश्वास र संलग्नता निरन्तर कायम राख्नका लागि पनि एक सबल, सक्रिय र प्रभावकारी संसद् लोकतन्त्रमा अत्यावश्यक हुन्छ ।



डा. अर्जुनकुमार खड्का

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनको परिणाम आउने क्रम जारी छ। अबको केही दिनमा यसको सम्पूर्ण परिणाम आउने छ । प्रतिनिधि सभाको यो निर्वाचन नेपालको संविधान प्रारम्भ भएपछिको तेस्रो हो । प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत १६५ जना र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ११० जना गरी जम्मा २७५ जना यस निर्वाचनमा निर्वाचित हुन्छन् साथै प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ बमोजिम निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदनलाई घोषणा भएको सात दिनभित्र राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ । नेपालको संविधानको धारा ९३ बमोजिम राष्ट्रपतिले प्रतिनिधि सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र संसद्को अधिवेशन आह्वान गर्नुपर्ने संवैधानिक व्यवस्था छ । पहिलो पटक बस्ने बैठकको अध्यक्षता भने प्रतिनिधि सभाका उपस्थित सदस्यमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ। प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधि सभाका सदस्यले आफूमध्येबाट सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने व्यवस्था संविधानको धारा ९१ मा छ। यसरी निर्वाचन गर्दा सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नुपर्ने छ । सभामुख र उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनुपर्ने व्यवस्था पनि रहेको छ । सभामुख र उपसभामुखको निर्वाचन गर्दा के कस्ता विधि र प्रक्रियाको अवलम्बन गर्ने भन्ने सन्दर्भमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७ र ८ ले व्यवस्था गरेको छ । निर्वाचनको परिणामसँगै नेपालको संविधानको धारा ७६ बमोजिम राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ र निजको अध्यक्षतामा मन्त्रीपरिषद्को गठन हुने भन्ने प्रथम व्यवस्था रहेको छ तर प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने दोस्रो व्यवस्था छ । यस्तै प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने तेस्रो व्यवस्था छ । यसरी नियुक्त प्रधानमन्त्रीले पनि ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न नसकेमा प्रतिनिधि सभाका कुनै सदस्यले विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने चौथो संवैधानिक व्यवस्था पनि रहेको छ । यसरी नियुक्त प्रधानमन्त्रीले पनि प्रतिनिधि सभाबाट ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने भन्ने संवैधानिक व्यवस्था छ। संविधानको प्रावधानबमोजिम प्रधानमन्त्रीको नियुक्ति राष्ट्रपतिले गर्ने र नियुक्त भएको प्रधानमन्त्रीले प्रतिनिधि सभाबाट संविधानको धारा १०० बमोजिम विश्वासको मत लिनुपर्ने व्यवस्था छ । यसरी विश्वासको मत लिँदा प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट प्रस्ताव पारित हुन नसकेमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुने व्यवस्था रहेको छ । साथै के कसरी विश्वासको मत लिने तथा प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव पेस गर्ने भन्ने कार्यविधिको सम्बन्धमा संविधानको धारा १०० तथा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५५ र १५६ ले स्पष्ट व्यवस्था गरेको छ । सङ्घीय संसद्को मूल कार्य सङ्घीय कानुन निर्माण गर्नु हो । यो कानुन नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागु हुने गरी पनि बनाउन सक्ने छ । मन्त्रीपरिषद् संसद्प्रति उत्तरदायी रहनुपर्ने संवैधानिक मान्यता अनुरूप सङ्घीय संसद्ले आफूमार्फत मन्त्रीपरिषद्लाई जनउत्तरदायी बनाउने छ । यसका अतिरिक्त सङ्घीय संसद्का विभिन्न समितिमार्फत मन्त्रीपरिषद्को कामकारबाहीलाई अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने व्यवस्था पनि कानुनले प्रदान गरेको छ । यसमा मुख्य गरी नेपालको संविधानको धारा १०४ बमोजिम सङ्घीय संसद्ले बनाएको नियमावलीमार्फत मन्त्रीपरिषद्को कामकारबाहीलाई विभिन्न प्रकारले मापन वा मूल्याङ्कन गर्न सक्ने अवस्था रहेको पाइन्छ । यसर्थ, प्रतिनिधि सभा अन्तर्गत रहेका १० वटा समितिको गठन तथा ती समितिका सभापतिको समेत निर्वाचन गरी प्रतिनिधि सभालाई गतिशील बनाउनुपर्ने छ। नेपालको संविधानबमोजिम राज्य व्यवस्थाका तीन प्रमुख अङ्गमध्ये कार्यपालिका महषवपूर्ण अङ्ग हो । सैद्धान्तिक रूपमा कार्यपालिका व्यवस्थापिका प्रति उत्तरदायी हुने भए पनि व्यवहारमा संसदीय व्यवस्था अपनाउने र खास गरी ‘वेस्ट मिनिस्टर मोडेल’ को संसदीय व्यवस्था भएका देशमा राज्यका तीन अङ्गमध्ये कार्यपालिकाले नै सबैभन्दा सक्रिय भूमिका खेलेको पाइन्छ । नेपालमा २०१५ सालबाट संसदीय शासन प्रणालीको व्यवहारमा लागु भएको हो । हुन त नेपालको वैधानिक कानुन, २००४ देखि यसको इतिहास सुरु भएको देखिन्छ । तत्कालीन राणा प्रधानमन्त्री पद्मशमशेरबाट घोषणा भएको नेपाल सरकारको वैधानिक कानुन, २००४ मार्फत नै द्विसदनात्मक संसदीय व्यवस्थापिका रहने उल्लेख भएको पाइन्छ, जसमा स्थानीय पञ्चायतबाट निर्वाचित र सरकारबाट नियुक्त गरी घटीमा ६० र बढीमा ७० सदस्य रहेको राष्ट्रसभा र श्री ३ को तजबिजमा नियुक्त घटीमा २० र बढीमा ३० सदस्य रहेको भारदारी सभा रहने व्यवस्था गरिएको थियो। यद्यपि यो संविधान कार्यान्वयनमा आउन सकेन । पद्मशमशेरलाई पदच्यूत गरी मोहनशमशेर प्रधानमन्त्री भएको हुनाले सो अनुसारको सभा गठन हुन नसकेको हो । यसै गरी नेपाल अधिराज्यको संविधान, २०१५ राजा महेन्द्रबाट जारी भएको थियो। यस संविधानमा महासभा र प्रतिनिधि सभा गरी दुई सदनात्मक संसद्को व्यवस्था रहेको थियो । तल्लो सदनको रूपमा रहेको प्रतिनिधि सभामा मुलुकभरका १०९ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सांसद रहने व्यवस्था रहेको छ भने माथिल्लो सदन महासभामा १८ जना प्रतिनिधि सभाबाट निर्वाचित र १८ जना राजाबाट मनोनीत गरी जम्मा ३६ जना सदस्य रहने व्यवस्था रहेको थियो तर नेपाल अधिराज्यको संविधान, २०१९ मा व्यवस्थापिकाको रूपमा राष्ट्रिय पञ्चायत रह्यो। उक्त व्यवस्थापिका एक सदनात्मक मात्र रहेकाले यो संविधान लागु रहेको अवधिलाई संसदीय व्यवस्थाको रूपमा लिने गरिएको छैन। नेपाल अधिराज्यको संविधान, २०४७ प्रारम्भ भएपछि यस संविधानबमोजिम प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनसहितको संसद्को व्यवस्था रहेको थियो। तल्लो सदनको रूपमा मुलुकभरका २०५ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सांसद रहने प्रतिनिधि सभा रहेको थियो । प्रतिनिधि सभाबाट निर्वाचित ३५ जना, पाँच विकास क्षेत्रमध्ये प्रत्येक विकास क्षेत्रबाट तीन जनाको दरले स्थानीय निकायका जनप्रतिनिधिको निर्वाचक मण्डलबाट निर्वाचित १५ जना र राजाबाट मनोनीत १० जना गरी ६० सदस्यीय राष्ट्रिय सभा रहने संवैधानिक व्यवस्था थियो। नेपालको अन्तरिम संविधान, २०६३ मा संविधान सभाले नै व्यवस्थापिकाको रूपमा कार्य गर्ने हुनाले उक्त समयमा पनि एक सदनात्मक व्यवस्थापिका नै रहेको थियो। यस व्यवस्थापिकामा ६०१ जना सदस्य थिए । वास्तवमा व्यस्थापिकालाई आआफ्नो देशको संविधान, राष्ट्रिय परम्परा र अभ्यास अनुसार विभिन्न नामले सम्बोधन गरिएको पाइन्छ। अमेरिकी मोडेलका व्यवस्थापिकाको प्रभावमा रहेका केही ल्याटिन अमेरिकी देशमा यसलाई कंग्रेस भनिन्छ। बेलायत र ‘वेस्ट मिनिस्टर मोडेल’ को व्यवस्थापिका गठन भएका देश जस्तै क्यानाडा, अस्ट्रेलिया, भारत, न्युजिल्यान्ड, बङ्गलादेशमा ‘संसद्’ भनिन्छ । नेपालको वैधानिक कानुन, २००४ बमोजिम ‘व्यवस्थापिका सभा,’ नेपालको अन्तरिम शासन विधान, २००७ बमोजिम ‘सल्लाहकार सभा,’ नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम ‘संसद्’ नेपालको संविधान, २०१९ बमोजिम ‘राष्ट्रिय पञ्चायत’, नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम ‘संसद्,’ नेपालको अन्तरिम संविधान, २०६३ ले ‘व्यवस्थापिका संसद्’ र हालको नेपालको संविधान २०७२ को धारा ८३ ले प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक ‘सङ्घीय व्यवस्थापिका’ हुने छ, जसलाई ‘सङ्घीय संसद्’ भनिने छ भन्ने संवैधानिक व्यवस्था गरेको छ । यसर्थ, ‘संसद्’ र ‘व्यवस्थापिका’ लाई सामान्यतया एकै अर्थमा लिइन्छ। नेपालको संविधानको धारा ८३ ले पनि ‘व्यवस्थापिकाका’ र ‘संसद्’ लाई एकै अर्थमा लिएको छ । संसद् लोकतन्त्रको सर्वोच्च निकाय हो, जसको मुख्य कार्य नागरिकको प्रतिनिधित्व गर्नु, उनीहरूको चासोमा सरोकार राख्नु, सरकारका कार्यसम्पादनको अनुगमन गर्नु तथा कानुन निर्माण र बजेट पारित गर्नु हो । राजनीतिक संस्थाहरूमा सार्वजनिक विश्वास र संलग्नता निरन्तर कायम राख्नका लागि पनि एक सबल, सक्रिय र प्रभावकारी संसद् लोकतन्त्रमा अत्यावश्यक हुन्छ । संसद् प्रभावकारी रूपमा सञ्चालन हुनका लागि सांसद, संसद् सचिवालयका कर्मचारी र नागरिकलगायत सम्बद्ध पक्ष तथा लोकतान्त्रिक मूल्यमान्यता तथा यसमा आधारित रहेर कार्यसम्पादन गरेर सुशासन जस्ता असल संसदीय प्रक्रिया अपनाउनु पर्छ। सरल निर्णय प्रक्रियाको अतिरिक्त संसद्को संरचना जस्तै भौतिक पूर्वाधार तथा सफ्टवेयरलगायत आधुनिक सूचना प्रविधि, तथ्याङ्क तथा दस्तावेजको उत्पादन, अभिलेखीकरण, प्रसारण र आदानप्रदानको नियमित व्यवस्थापन पनि हुन आवश्यक छ । यसर्थ निर्वाचनपछि संवैधानिक व्यवस्था अनुसार प्रधानमन्त्री नियुक्त गर्नेलगायत प्रतिनिधि सभाको बैठक प्रारम्भ हुन्छ । साथै कानुन निर्माणबाहेक व्यवस्थापिकीय गतिविधिमार्फत सरकारको कामकारबाहीलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, प्रभावकारी र जनउत्तरदायी बनाउने दिशामा पनि प्रतिनिधि सभा क्रियाशील हुनु पर्छ । सुशासन कायमका लागि अनुगमन, नियन्त्रण, सुपरीवेक्षण जस्ता कार्य पनि व्यवस्थापिकाको महत्वपूर्ण जिम्मेवारी हो। यी कार्यका अलावा भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनले उठाएका मागलाई सम्बोधन गर्नुपर्ने ठुलो जिम्मेवारी अब बन्ने प्रतिनिधि सभा तथा सरकारको हुने छ। अतः सबैले आशा गरौं, अबका दिनमा सुशासन प्रवर्धन, कानुनी शासन, मानव अधिकार सुनिश्चितता गरी जनविश्वास बढाई उन्नत लोकतन्त्रको अभ्यास र अनुभूत गर्ने कार्यमा सफलता प्राप्त हुने छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## ग्यास सङ्कटले भारतका रेस्टुरेन्ट जोखिममा

*मुम्बई, फागुन २६ गते ।*

मध्यपूर्वमा जारी युद्धका कारण इन्धन आपूर्तिमा अवरोध आएपछि भारत सरकारले प्राकृतिक ग्यास र खाना पकाउने ग्यासको वितरण कडा बनाएको छ। सरकारी आदेशपछि देशभरका रेस्टुरेन्ट तथा होटलले ग्यास आपूर्ति रोकिँदा व्यापक रूपमा व्यवसाय बन्द हुन सक्ने चेतावनी दिएका छन्। भारत विश्वकै सबैभन्दा धेरै जनसङ्ख्या भएको देश हो र तरलीकृत प्राकृतिक ग्यास ९एलएनजी० को चौथो ठूलो क्रेता मानिन्छ । त्यस्तै खाना पकाउन प्रयोग हुने तरलीकृत पेट्रोलियम ग्यास ९एलपिजी० को दोस्रो ठूलो आयातकर्ता पनि भारत नै हो, जसको ठूलो हिस्सा मध्यपूर्वबाट आउने गर्दछ । पेट्रोलियम मन्त्रालयले मङ्गलबार जारी गरेको आदेशमा मध्यपूर्वमा जारी द्वन्द्वका कारण होर्मुज जलडमरू मध्य हुँदै हुने एलएनजी ढुवानीमा अवरोध आएको उल्लेख गरेको छ । मन्त्रालयका अनुसार नयाँ व्यवस्था लागू गरेर प्राथमिकता क्षेत्रमा ग्यासको समान वितरण र निरन्तर उपलब्धता सुनिश्चित गर्ने उद्देश्य राखिएको छ । सरकारले घरपरिवार, यातायात क्षेत्र र एलपिजी उत्पादनलाई ग्यास आपूर्तिमा पहिलो प्राथमिकता दिन आदेश दिएको छ। यसबाहेक मल कारखाना र चिया उद्योग जस्ता अन्य क्षेत्रले उपलब्धताका आधारमा




आफ्नो आवश्यकताको करिब ७० देखि ८० प्रतिशत मात्रै ग्यास पाउने छन् । आपूर्ति सन्तुलन मिलाउन पेट्रोकेमिकल उद्योग र विद्युत् उत्पादन केन्द्रमा दिइने ग्यास पूर्ण वा आंशिक रूपमा कटौती गरिने जनाइएको छ । ग्यास आपूर्तिमा कटौती सुरु भइसकेको भन्दै केही भारतीय उद्योगले उत्पादनमा असर पर्न सक्ने चेतावनी दिइसकेका छन् । सिरेमिक र टाइल उत्पादन गर्ने धेरै कम्पनीले ग्यास अभावका कारण उत्पादन प्रभावित हुन सक्ने बताएका छन् । यसैबिच घरपरिवारलाई एलपिजी आपूर्तिमा प्राथमिकता दिने अर्को सरकारी आदेश सोमबार जारी भएपछि रेस्टुरेन्ट र होटल व्यवसायी थप चिन्तित बनेका छन् । भारतको नेसनल रेस्टुरेन्ट एसोसिएसनले सरकारी निर्णयपछि देशभरका एलपिजी आपूर्तिकर्ताले रेस्टुरेन्टमा ग्यास आपूर्ति रोक्न सक्ने सङ्केत दिएको जनाएको छ । संस्थाका अनुसार रेस्टुरेन्ट उद्योग सञ्चालनका लागि मुख्य रूपमा व्यावसायिक एलपिजीमा निर्भर रहने भएकाले आपूर्तिमा कुनै अवरोध आए व्यापक रूपमा व्यवसाय बन्द हुने जोखिम छ । "रेस्टुरेन्ट उद्योग मुख्यतया आफ्नो सञ्चालनका लागि व्यावसायिक एलपिजीमा निर्भर छ", सङ्घले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यसमा अवरोध आए धेरैजसो रेस्टुरेन्ट विनाशकारी रूपमा बन्द हुन सक्छन् ।" दक्षिण भारतको प्रविधि केन्द्रका रूपमा चिनिने बेङ्गलुरुमा होटल उद्योग सङ्घका प्रमुख पी। सी। रावले पनि स्थिति चिन्ताजनक भएको बताउनुभयो। उहाँका अनुसार ग्यास आपूर्ति प्रभावित भइसकेको छ र धेरै साना रेस्टुरेन्ट तथा होटलमा एकदेखि दुई दिनका लागि मात्र ग्यास मौज्दात बाँकी छ। "अवस्था डरलाग्दो छ", रावले भन्नुभयो, "अब धेरै प्रतिष्ठानले परिस्थितिलाई ध्यानमा राख्दै आफ्नो मेनु घटाउने वा परिवर्तन गर्नेबारे सोच्न थालेका छन् ।"

## हाइटीमा ड्रोन हमलामा सर्वसाधारणको मृत्यु

*न्युयोर्क, फागुन २६ गते ।*

हाइटी सरकारले आपराधिक गिरोहविरुद्ध सञ्चालन गरेको ड्रोन आक्रमणका क्रममा सर्वसाधारण नागरिकसमेत मारिएको मानव अधिकारवादी संस्था ह्युमन राइट्स वाचले चेतावनी दिएको छ । संस्थाका अनुसार सुरक्षा कारबाहीका नाममा गरिएको 'ठूलो मात्रामा घातक' ड्रोन प्रयोगले बालबालिकासहित निर्दोष नागरिकलाई पनि गम्भीर जोखिममा पारेको छ। ह्युमन राइट्स वाचले मङ्गलबार सार्वजनिक गरेको विवरण अनुसार मार्च १, २०२५ देखि जनवरी २१, २०२६ सम्म सञ्चालन गरिएका १४१ वटा ड्रोन अपरेसनका क्रममा कम्तीमा एक हजार २४३ जनाको मृत्यु भएको छ। ती मृतक मध्ये कम्तीमा ४३ जना वयस्क आपराधिक गिरोहका सदस्य नभएको स्पष्ट देखिएको छ भने १७ जना बालबालिका पनि रहेका छन् । त्यसै गरी यी आक्रमणमा ७३८ जना घाइते भएका छन् । घाइते मध्ये कम्तीमा ४९ जना आपराधिक समूहसँग सम्बन्धित नभएका व्यक्ति रहेको उल्लेख गरिएको छ । हाइटीमा पछिल्ला वर्षमा गिरोह हिंसा तीव्र रूपमा फैलिएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार आपराधिक गिरोहले अहिले राजधानी पोर्ट-अ-प्रिन्सको करिब ९० प्रतिशत क्षेत्र आफ्नो नियन्त्रणमा लिएका छन् ।

सन् २०२५ मा मात्रै गिरोह हिंसा सम्बन्धी घटनामा झन्डै छ हजार जनाको ज्यान गएको तथ्याङ्क



संयुक्त राष्ट्रसङ्घले सार्वजनिक गरेको छ। क्यारिबियन क्षेत्रमा पर्ने हाइटी अमेरिकाको सबैभन्दा गरिब देश मानिन्छ। यहाँ वर्षौंदेखि हत्या, बलात्कार र अपहरणका घटनासहितको घातक गिरोह हिंसा व्यापक रूपमा फैलिएको छ ।

लगातारको हिंसाका कारण करिब १४ लाख मानिस अर्थात् कुल जनसङ्ख्याको करिब १० प्रतिशत विस्थापित भएका छन् । त्यसै गरी हाइटीका झन्डै आधा नागरिक अहिले गम्भीर खाद्य असुरक्षाबाट प्रभावित भएको अनुमान गरिएको छ। यसमा पाँच वर्षमुनिका करिब १२ लाख बालबालिका पनि समावेश छन् ।

ह्युमन राइट्स वाचका अमेरिका सम्बन्धी निर्देशक जुआनिता गोबर्टसले यी आक्रमणले निर्दोष मानिसलाई ठूलो क्षति पुर्याइरहेको बताउनुभयो। उहाँका अनुसार यी घातक ड्रोन अपरेसनमा धेरै बालबालिकासहित दर्जनौँ सर्वसाधारण नागरिक मारिएका र घाइते भएका छन् ।

उहाँले हाइटीका अधिकारीलाई सुरक्षा बल र उनीहरूसँग काम गर्ने निजी ठेकेदारको गतिविधिलाई तत्काल नियन्त्रणमा लिन आग्रह गर्नुभयो। "थप बालबालिकाको ज्यान जानुअघि हाइटीका अधिकारीले आफ्नो सुरक्षा बल र निजी ठेकेदारलाई तुरुन्तै नियन्त्रण गर्नुपर्छ", उहाँले भन्नुभयो ।

हाइटीमा रहेको संयुक्त राष्ट्रसङ्घको एकीकृत कार्यालयका अनुसार यी ड्रोन आक्रमण प्रधानमन्त्री एलिक्स डिडियर फिल्स-एमेले गठन गर्नुभएको टास्क फोर्सद्वारा सञ्चालन गरिएको हो। उक्त टास्क फोर्सलाई निजी सैन्य कम्पनी भेक्टस ग्लोबलले परिचालन सहयोग उपलब्ध गराइरहेको बताइएको छ ।

ह्युमन राइट्स वाचका अनुसार हाइटीका लागि वासिङ्टनस्थित राजदूतले अमेरिकी विदेश मन्त्रालयले भेक्टस ग्लोबललाई हाइटीमा रक्षा सेवा निर्यात गर्न अनुमति दिने इजाजतपत्र जारी गरेको पुष्टि गर्नु भएको छ ।

## रौतहटमा...

नरेश राम चमार पनि गम्भीर घाइते भएका छन्।

पीडितका अनुसार घटना हुनुअघि साँझ करिब ५ बजे दुई पक्षबीच सामान्य भनाभन भएको थियो। त्यसक्रममा विपक्षी पक्षले राजकुमार रामलाई घरभन्दा केही पर कुटपिट गरेको र प्रतिवाद हुँदा विपक्षी समूहका एकजनाको टाउको सामान्य रूपमा फुटेको बताइएको छ। त्यसको करिब एक घण्टापछि ठूलो समूह घरमै प्रवेश गरी सामूहिक आक्रमण गरिएको पीडितको भनाइ छ।

घटनापछि प्रहरी घटनास्थल पुगे पनि कुटपिट गर्नेहरूलाई पक्राउ गर्नुको सट्टा आफू र आफ्ना छोरालाई नै पक्राउ गरी लगेको बिर्जा राम चमारले आरोप लगाए। उनका अनुसार प्रहरीले हथकडी लगाएर थुनामा राख्दै कुटपिटसमेत गरेको र पछि प्रहरी कार्यलाय पठाइएको थियो।

स्थानीय समाजसेवी विजय यादवका अनुसार घटनापछि पीडितलाई पक्राउ गरिएको थाहा पाएपछि उनले प्रहरीलाई फोन गरेर छोड्न आग्रह गरेका थिए। पछि जिल्ला प्रहरी कार्यालयका प्रमुखसँग कुरा गरेपछि मात्रै बाबु-छोरालाई रिहा गरिएको उनले बताए।

पीडित पक्षले घटनाको एक सातासम्म पनि जाहेरी दर्ता नगरिएको गुनासो गरेको छ। उनीहरूका अनुसार इलाका प्रहरी कार्यालयमा पुगेर पटक-पटक जाहेरी दिन खोज्दा पनि इन्स्पेक्टरले बेवास्ता गरेको र उल्टै थर्काउने गरेको आरोप छ।

## मत बदरको ...

यस क्षेत्रमा १ लाख १३ हजार ५२१ मतदातामध्ये ७५ हजार ९०० मत खसेका थिए। तीमध्ये ७१ हजार २०५ मत सदर भएको निर्वाचन कार्यालयले जनाएको छ।

त्यस्तै निर्वाचन क्षेत्र नम्बर ४ मा सबैभन्दा बढी ६ हजार ४१ मत बदर भएको छ। यस क्षेत्रमा १ लाख १४ हजार ४३९ मतदातामध्ये ८० हजार ६७८ मत खसेको थियो। खसेको मतमध्ये ७४ हजार ६३७ मत सदर भएको जानकारी दिइएको छ।

समग्र तथ्यांकले बारामा मतदाताको उल्लेख्य सहभागिता देखिए पनि मत बदरको दर पनि उल्लेख्य रहेको देखाएको जिल्ला निर्वाचन कार्यालय बाराले जनाएको छ। निर्वाचन शिक्षा र मतदाताको सचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता यस तथ्यांकले औंल्याएको अधिकारीहरूको भनाइ छ।

## रास्वपाले ...

बालेन्द्र शाह (बालेन) को लोकप्रियता पार्टीको सफलताको मुख्य कारक मानिएको छ।

समानुपातिक प्रणालीमा पनि रास्वपाको लहर जारी छ। बिहान ११ बजेसम्मको मतगणना अनुसार, कुल १ करोड ४ लाख २४ हजार ५२७ मत मध्ये रास्वपाले ५० लाख ३ हजार १६८ मत (करीब ४७.९१%) प्राप्त गरेको छ। यससँगै रास्वपा समानुपातिकतर्फ ५० लाख मत पाउने पहिलो दल बनेको छ।

दोस्रो स्थानमा नेपाली कांग्रेस (१६ लाख ९३ हजार ९१ मत, १६.२५%), नेकपा (एमाले) (१४ लाख ११ हजार ८६३ मत, १३.५५%), नेकपा (७ लाख ६७ हजार ६२१ मत, ७.३६%) रहेका छन्। अन्य दलहरूमा श्रम संस्कृति पार्टी, राप्रपा, जनता समाजवादी पार्टी, राष्ट्रिय परिवर्तन पार्टी र जनमत पार्टी रहेका छन्।

समानुपातिक सिट प्राप्त गर्न कुल मतको कम्तीमा ३ प्रतिशत आवश्यक पर्ने प्रावधान अनुसार, हाल रास्वपा, काँग्रेस, एमाले, नेकपा, श्रम संस्कृति र राप्रपा मात्र थ्रेसहोल्ड पार गर्ने अवस्थामा छन्।

प्रत्यक्ष र समानुपातिक सिट जोड्दा रास्वपाको कुल सिट १८५ पुग्न सक्छ, जुन २७५ सदस्यीय प्रतिनिधिसभामा दुई-तिहाइ बहुमत (१८४ भन्दा बढी सिट) हो। यसले रास्वपालाई सरकार गठनमा निर्णायक भूमिका दिन सक्छ।

अन्तर्राष्ट्रिय स्तरमा पनि रास्वपाको सफलता स्वागत गरिएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ले सोमबार साँझ रास्वपा सभापति रवि लामिछाने र नेता बालेन शाहसँग टेलिफोन संवाद गर्दै चुनावी विजयको बधाई दिएका छन्।

विश्लेषकहरूले रास्वपाको विजयलाई नेपालको राजनीतिक परिदृश्यमा नयाँ शक्ति, युवा नेतृत्व र स्वतन्त्र सोचको उदयको प्रमाणको रूपमा व्याख्या गरेका छन्।

## कलैया–१...

नचालेको र आगामी गर्मीमा रोगको प्रकोप बढ्ने खतरा कायमै रहेको स्वास्थ्यकर्मीहरूले बताएका छन्। नगरबासीले घरभित्र झुल राख्ने, व्यक्तिगत लामखुट्टे मार्ने औषधी ( इन्सेक्टिसाइड स्प्रे वा नेटल नेटवर्क) प्रयोग गर्ने, र सार्वजनिक क्षेत्रमा सफाइमा ध्यान दिनुपर्ने सुझाव दिएका छन्।

विशेषज्ञ सुझावः

खुला नाला र फोहोर नियमित सफा गर्ने, प्रमाणित इन्सेक्टिसाइड मात्र प्रयोग गर्ने, घर वरिपरि झारा र फोहोर नछोड्ने, लामखुट्टे रोकथामका लागि समुदायमा जनचेतना अभियान सञ्चालन गर्ने

सहरमा बर्सेनि वातावरणको लागि खर्च गरे पनि लामखुट्टे प्रकोप समाधानतिर ठोस कदम नदेखिएको र कागजी रिपोर्ट मात्रै सार्वजनिक भएको अनुभव स्थानीयवासीले गरेका छन्। उनीहरूले सोधेका छन् – "लामखुट्टे टोकेर सृजित रोगबाट नागरिकलाई कसले जोगाउने?" गर्मी बढेसँगै लामखुट्टेको संख्यामा उल्लेख्य वृद्धि हुने र रोग फैलिन सक्ने जोखिम कायमै रहँदा, स्थानीयवासी र स्वास्थ्यकर्मीले नगरपालिकाको सक्रियता आवश्यक रहेको जोड दिएका छन्।

## साउदीबाट...

५७,१०० जना नेपालीले आफ्नो विवरण दर्ता गरिसकेका छन्। प्राप्त विवरणका आधारमा आवश्यक कदम उठाइने मन्त्रालयले जनाएको छ।

विज्ञप्तिमा भनिएको छ कि परराष्ट्र मन्त्रालय तथा नेपाली दूतावासहरूले उक्त क्षेत्रको परिस्थिति नजिकबाट नियालिरहेका छन् र नेपाली नागरिकको सुरक्षा, हित तथा कल्याण सुनिश्चित गर्न निरन्तर पहल गरिरहेका छन्।

साथै, स्थानीय सरकार र नेपाली नियोगले जारी गरेका सुरक्षा र सचेतनामूलक सूचनामा अद्यावधिक रहन तथा कानुन विपरीत फोटो, भिडियो वा अडियो सामग्री रेकर्ड नगर्न र आदानप्रदान नगर्न पनि मन्त्रालयले आग्रह गरेको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# बालेन शाहले मोदीको शुभकामनाप्रति नेपाल–भारत सम्बन्धबारे के बोलेद्र



**काठमाडौं, फाल्गुन २६ ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन शाह ले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी बाट प्राप्त शुभकामनाप्रति धन्यवाद व्यक्त गरेका छन्।

सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत् बालेन शाहले भने, "धन्यवाद सम्माननीय प्रधानमन्त्री मोदीज्यू, नेपालको र भारतको ऐतिहासिक, घनिष्ठ र बहुआयामिक सम्बन्ध आगामी दिनहरूमा अझ सुदृढ, प्रगाढ र परिणाममुखी बनाउन हामी सँगै सहकार्य गर्न विश्वास व्यक्त गर्दछौँ।"

बालेन शाहले यसै सन्दर्भमा भारत सरकार र भारतीय जनतालाई लगातार दुई पटक विश्वकप उपाधि जितेको अवसरमा हार्दिक बधाई ज्ञापन गर्न पनि चाहेको बताए।

प्रधानमन्त्री मोदीले हालै रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहसँग टेलिफोन वार्ता गरेका थिए। वार्तामा मोदीले दुवै नेताको चुनावी जित र रास्वपाले प्राप्त गरेको सफलता प्रति आफ्नो बधाई व्यक्त गरेका थिए।

बालेन शाहको यो प्रतिक्रिया नेपाल–भारत सम्बन्धको प्रगाढताका साथै दुई देशबीच आगामी सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धताको संकेत भएको विश्लेषकहरूले टिप्पणी गरेका

# साउदीबाट नेपाल फर्कन चाहने नेपालीका लागि दूतावासमा आवश्यक कागजात बुझाउन आग्रह




**काठमाडौं ,फाल्गुन २६, २०८२ -** परराष्ट्र मन्त्रालयले साउदी अरबमा रहेका अत्यावश्यक कारणले नेपाल फर्कन चाहने नेपाली नागरिकलाई दूतावासमार्फत आवश्यक कागजात बुझाउन अनुरोध गरेको छ।


मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, "साउदी अरबबाट नेपाल फर्कन चाहनेहरूले आफ्नो राहदानीको फोटोकपी, भिसाको फोटोकपी र ट्राभल योजना सहितको विवरण आफू रहेको मुलुकस्थित नेपाली दूतावासमा पठाएर भिसा सहजीकरणको लागि अनुरोध गर्न सक्नुहुन्छ।"

परराष्ट्रले जनाएको छ कि पश्चिम एसियाका केही स्थानबाट सीमित हवाई उडानहरू सञ्चालन भइरहेका छन् र नेपालतर्फ उडानको विषयमा छलफल भइरहेको छ। इच्छुक नागरिकहरूले हाल उपलब्ध उडानमार्फत यात्रा गर्न सक्ने विज्ञप्तिमा उल्लेख छ।

त्यस्तै, पश्चिम एसियामा रहेका नेपाली नागरिकहरूको विवरण संकलन गर्न कन्सुलर सेवा विभागले अनलाइन दर्ता प्रणाली सञ्चालनमा ल्याएको छ। यसमार्फत हालसम्म

बाँकी तेस्रो पृष्ठमा

# विनोद चौधरीको सम्पत्ति ३ खर्ब नाघ्यो ,



काठमाडौं, फागुन २६ – नेपालका उद्योगपति तथा सांसद विनोद चौधरी को कुल सम्पत्ति तीन खर्ब रुपैयाँभन्दा बढी पुगेको छ। विश्वप्रसिद्ध आर्थिक पत्रिका फोर्ब्स ले सार्वजनिक गरेको नयाँ अर्बपति सूचीअनुसार चौधरीको सम्पत्ति २.१ अर्ब अमेरिकी डलर ( करिब ३ खर्ब २ अर्ब रुपैयाँ) पुगेको हो।

फोर्ब्सको विश्व अर्बपति सूचीमा चौधरी १९८२ औं धनी व्यक्तिका रूपमा सूचीकृत भएका छन्। एक वर्षको अवधिमा मात्रै उनको सम्पत्ति १० करोड अमेरिकी डलरले वृद्धि भएको फोर्ब्सले जनाएको छ।

यसअघि सन् २०२५ मा चौधरी विश्वका १७६३ औं धनी व्यक्ति थिए। त्यतिबेला उनको सम्पत्ति करिब २ अर्ब डलर बराबर रहेको उल्लेख गरिएको थियो। कोभिड-१९ महामारीका बेला केही घटेको उनको सम्पत्ति पछिल्ला वर्षमा फेरि बढ्दै गएको देखिन्छ।

चौधरी दक्षिण एसियामा भारतीय अर्बपतिहरू बाहेक फोर्ब्सको अर्बपति सूचीमा पर्ने एक मात्र व्यक्तिका रूपमा उल्लेख गरिएको छ। सार्क क्षेत्रका अन्य मुलुकका व्यवसायीहरू भने हालसम्म उक्त सूचीमा पर्न सकेका छैनन्।

विनोद चौधरी नेतृत्वको चौधरी ग्रुपको (सीजी) समूहले नेपालसहित विभिन्न देशमा खाद्य उत्पादन, बैंकिङ, होटल, रियल इस्टेट, ऊर्जा, इलेक्ट्रोनिक्सलगायतका क्षेत्रमा लगानी विस्तार गरेको छ। सीजी समूहले उत्पादन गर्ने छ्वछ्व चाउचाउ दक्षिण एसियाका साथै विश्वका विभिन्न देशमा लोकप्रिय मानिन्छ।

फोर्ब्सका अनुसार विश्वका अर्बपतिहरूमध्ये सबैभन्दा धनी व्यक्तिको सूचीमा एलन मस्क पहिलो स्थानमा रहेका छन्। उनको कुल सम्पत्ति ८३९ अर्ब अमेरिकी डलर रहेको उल्लेख गरिएको छ। दोस्रो स्थानमा ल्यारी पेज रहेका छन्।

फोर्ब्सको तथ्यांकअनुसार विश्वका अर्बपतिहरूमा सबैभन्दा धेरै संख्या अमेरिका, चीन र भारतका व्यवसायीहरूको रहेको छ। नेपालबाट भने अहिलेसम्म फोर्ब्सको अर्बपति सूचीमा पर्ने एक मात्र व्यक्ति विनोद चौधरी नै रहेको तथ्यांकले देखाएको छ।

# नक्कली शैक्षिक प्रमाणपत्र प्रकरण: सुनसरी प्रहरी अधिकारीविरुद्ध अख्तियारको मुद्दा

**काठमाडौं, फाल्गुन २६ ।** नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी राज्यलाई ठगेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुनसरीका प्रहरी सहायक निरीक्षक मुक्त नारायण श्रेष्ठ विरुद्ध कानुनी कारबाही अघि बढाएको छ।

अख्तियारको अनुसन्धानले देखाएको छ कि श्रेष्ठले प्रहरी सेवामा प्रवेश गर्दा र बढुवा प्रयोजनका लागि भारतको दिल्लीस्थित केन्द्रीय माध्यमिक शिक्षा बोर्डबाट प्राप्त भएको देखाइएको प्रमाणपत्र नक्कली पेस गरेका थिए। यस आधारमा उनले राष्ट्रसेवकको ओहदा हासिल गरेका थिए र राज्यबाट तलब, भत्ता तथा अन्य सेवा-सुविधा लिँदै आएका थिए।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार, यो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा १ बमोजिमको कसुर भएको ठहर गर्दै अदालतमा कैद र जरिवाना माग गरिएको छ। आरोपपत्रमा श्रेष्ठले अहिलेसम्म पाएको आर्थिक लाभ पनि कानुन अनुसार असुल गर्ने माग गरिएको छ। सार्वजनिक ओहोदामा रहेका कर्मचारी र सुरक्षाकर्मीहरूले शैक्षिक प्रमाणपत्र नक्कली गरी जागिर प्राप्त गरेको उजुरी बढेको पृष्ठभूमिमा अख्तियारले अनुसन्धान तीव्र बनाएको छ। यस प्रकरणले सरकारी सेवामा कर्मचारीको योग्यताको प्रामाणिकरणको आवश्यकता पुनः–प्रस्ट पारेको छ। अख्तियारले भविष्यमा पनि यस्ता भ्रष्टाचारजन्य प्रकरणमा शून्य सहनशीलता अपनाउने र नक्कली प्रमाणपत्रधारीहरूलाई कानुनी कठघरामा उभ्याउने रणनीति अघि बढाउने जनाएको छ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय**
**सिम्रौनगढ, बारा**

**विषय:– हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त श्री सुग्गा सहनी मल्लाह नाती श्री [illegible] सहनी मल्लाह / [illegible] सहनी मल्लाह को छोरा बारा जिल्ला साविक गा.वि.स./पंचायत [illegible] वडा नं. ९ हाल [illegible] म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ६ बस्ने श्री [illegible] लाल सहनी / [illegible] ले तपसिल बमोजिमको कित्ता जग्गा नामसारी, दाखिल खारिज, श्रेस्ता अध्यावधिक [illegible] संशोधन गरी पाउँ भनी माँग गर्नु भएको हुँदा उल्लेखित जग्गा निज निवेदकको हो / होईन को कसको हक भोग चलन भित्रको हो ? सो जग्गामा को कसको हक अधिकार छ ? हकदारहरू के कति छन् ? माँग निवेदनको जग्गा सरकारी, सार्वजनिक प्रकृतिको वा गुठी आदि भित्र पर्ने जग्गा हो / हैन ? माँग निवेदन बमोजिम जग्गा दर्ता वा नामसारी वा दाखिल खारिज संशोधन र श्रेस्ता अध्यावधिक गरी दिँदा अन्य कोही कसैलाई कुनै व्यहोराबाट फरक पर्छ / पर्दैन ? सो जग्गामा अन्य कोही कसैले कुनै व्यहोराबाट यस अगाडि दर्ता सम्बन्धी निवेदन दिए नदिएको के छ ? सो समेत यकिनका लागि हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । माँग निवेदनको जग्गा दर्ता, नामसारी, दाखिल खारिज, संशोधन र श्रेस्ता अध्यावधिक गर्न नमिल्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा उजुरबाजुर गर्न आउनुहुन जानकारी गराईन्छ ।

**तपसिल**

| पंचायत/ गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | मोहिको नाम, थर | जग्गाधनीको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| [illegible] | ९ | १६५ | ०-११-५ | | सुग्गा सहनी/मल्लाह | सुग्गा सहनी/मल्लाह | [illegible] |
| '' | ९ | ४८० | ०-१-० | | '' '' '' | '' '' | '' |
| '' | ९ | ४११ | ०-४-१५ | | '' '' '' | '' '' | '' |
| '' | '' | ३०२ | ०-४-१० | | '' '' '' | '' '' | '' |
| '' | '' | १६ | ०-१-१३ | | '' '' '' | '' '' | '' |
| '' | '' | ६० | ००-४-१ | | '' '' '' | '' '' | '' |
| '' | '' | ६६ | ०-०-२ | | '' '' '' | '' '' | '' |
| '' | ५ | १८५ | ०-४-५ | | '' '' '' | '' '' | '' |

[illegible]

२०८२/११/१२

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय**
**सिम्रौनगढ, बारा**

**विषय:– हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त श्री सुग्गा सहनी मल्लाह नाती श्री [illegible] सहनी मल्लाह / [illegible] सहनी मल्लाह को छोरा बारा जिल्ला साविक गा.वि.स./पंचायत [illegible] वडा नं. ९ हाल [illegible] म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ६ बस्ने श्री [illegible] लाल सहनी / [illegible] ले तपसिल बमोजिमको कित्ता जग्गा नामसारी, दाखिल खारिज, श्रेस्ता अध्यावधिक [illegible] संशोधन गरी पाउँ भनी माँग गर्नु भएको हुँदा उल्लेखित जग्गा निज निवेदकको हो / होईन को कसको हक भोग चलन भित्रको हो ? सो जग्गामा को कसको हक अधिकार छ ? हकदारहरू के कति छन् ? माँग निवेदनको जग्गा सरकारी, सार्वजनिक प्रकृतिको वा गुठी आदि भित्र पर्ने जग्गा हो / हैन ? माँग निवेदन बमोजिम जग्गा दर्ता वा नामसारी वा दाखिल खारिज संशोधन र श्रेस्ता अध्यावधिक गरी दिँदा अन्य कोही कसैलाई कुनै व्यहोराबाट फरक पर्छ / पर्दैन ? सो जग्गामा अन्य कोही कसैले कुनै व्यहोराबाट यस अगाडि दर्ता सम्बन्धी निवेदन दिए नदिएको के छ ? सो समेत यकिनका लागि हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । माँग निवेदनको जग्गा दर्ता, नामसारी, दाखिल खारिज, संशोधन र श्रेस्ता अध्यावधिक गर्न नमिल्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा उजुरबाजुर गर्न आउनुहुन जानकारी गराईन्छ ।

**तपसिल**

| पंचायत/ गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | मोहिको नाम, थर | जग्गाधनीको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| [illegible] | ९ | ४९ | ०-१-१० | | सुग्गा सहनी/मल्लाह | सुग्गा सहनी/मल्लाह | |
| '' | '' | ५५ | ०-५-० | | '' '' '' | '' '' | '' |
| '' | '' | ६१ | ०-२-८ | | '' '' '' | '' '' | '' |
| '' | '' | ६४ | ०-६-० | | '' '' '' | '' '' | '' |
| '' | '' | ८४ | ०-४-० | | '' '' '' | '' '' | '' |
| '' | '' | १११ | ०-२-५ | | '' '' '' | '' '' | '' |
| '' | '' | १२३ | ०-२-० | | '' '' '' | '' '' | '' |
| '' | '' | १४६ | ०-६-१३ | | '' '' '' | '' '' | '' |
| '' | '' | १२४ | ०-२-२ | | '' '' '' | '' '' | '' |
| '' | '' | १३४ | ०-४-१० | | '' '' '' | '' '' | '' |
| '' | '' | १३६ | ०-१-१० | | '' '' '' | '' '' | '' |
| '' | '' | १६१ | ०-२-० | | '' '' '' | '' '' | '' |

२०८२/११/१२